# राष्ट्रिय दलित आयोग
## National Dalit Commission

दलित सम्बन्धी पुस्तकका लागि लेख/रचना उपलब्ध गराउने सम्बन्धी सूचना

(प्रकाशित मिति २०८३/०४/२५)

राष्ट्रिय दलित आयोगबाट चालु आ.व. २०८३/०८४ मा जातीय छुवाछूत तथा विभेद विरुद्ध एवम् दलित समुदायको हक हित सम्बन्धी खोजमूलक पुस्तक प्रकाशन गर्न लागेको व्यहोरा सहर्ष जानकारी गराउन चाहन्छौं। उक्त पुस्तकमा लेख/रचना प्रकाशन गर्न इच्छुक महानुभावहरुले देहायमा उल्लेखित आधारभूत शर्तहरुको अधीनमा रहेर लेख/रचना तयार गरी २०८३ असोज १५ गतेभित्र यस आयोगको ईमेल ठेगानामा(info@ndc.gov.np) Soft Copy प्राप्त हुने गरी उपलब्ध गराइदिनुहुन अनुरोध छ ।

लेख/रचनामा हुनुपर्ने आधारभूत शर्तहरु:

१. दलित सम्बन्धी पुस्तकमा प्रकाशित हुने लेख/रचनाका प्राथमिकताको विषय क्षेत्रहरु:

- जात व्यवस्थाको शुरुवात र यसले पारेका प्रभावहरु
- जातीय विभेद र छुवाछूतको ऐतिहासिक पृष्ठभूमि र वर्तमान अवस्था
- नेपालको सभ्यता र समाज निर्माणमा दलित समुदायको भूमिका
- नेपालको दलित आन्दोलनको ऐतिहासिक विकासक्रम र वर्तमान अवस्था
- नेपालको दलित आन्दोलनको उपलब्धि, चुनौति, सम्भावना र भावि कार्यदिशा
- दलित समुदायको राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, साहित्यिक र शैक्षिक अवस्था
- ज्ञानसत्तामा दलित समुदायको वञ्चितिकरण र यसका बहुआयामिक असरहरु
- संविधानमा भएको दलित पक्षीय प्रावधान, कार्यान्वयनको अवस्था, चुनौती र भावी कार्यदिशा
- राज्यका सबै निकायहरुमा दलित समुदायको समानुपातिक प्रतिनिधित्वको अवस्था
- छुवाछूत ऐनको कार्यान्वयनको अवस्था,चुनौति र न्यायमा पहुँच
- जातीय विभेद र छुवाछूत अन्त्यका लागि अदालतले गरेका फैसला, नजीर र कार्यान्वयनको अवस्था

- जातीय विभेद र छुवाछूत अन्त्यमा व्यक्ति, गैरदलित समुदाय, समाज र सरोकारवाला निकायको भूमिका
- जातीय विभेदको बदलिदो स्वरुप, सामाजिक संजालमा हुने विभेद(डिजिटल डिस्क्रिमिनेसन) अन्त्यको उपाय
- अन्तरजातीय विवाह, सिर्जित चुनौति र समाधानका उपाय
- दलित महिला र बालबालिकामाथि हुने विभेद र हिंसा
- मधेशी दलित समुदायका बहुआयामिक समस्या र समाधानका उपायहरु
- दलित समुदायका यूवा तथा विद्यार्थीले भोगेका समस्या र समाधानका उपाय
- दलित समुदायभित्र सीमान्त अवस्थामा रहेका (अपांगता भएका दलित, लैंगीक तथा यौनिक अल्पसंख्यक, गन्धर्व, वादी, डोम, चमार, मुसहर, नटुवा) समुदायको मूलप्रवाहीकरणको रोडम्याप
- राज्यको स्रोत साधनमा दलित समुदायको पहुँच, समावेशी आर्थिक विकास र समृद्धिको बाटो
- दलित समुदायको परम्परागत पेशा, कला, सीप, ज्ञान, संस्कृति र साहित्य
- दलित सवाललाई अन्तर्राष्ट्रियकरण गर्न भएका प्रयासहरु
- नेपालले गरेका मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धताबाट सृजित दायित्व र सोको सम्बोधन

२. लेख/रचना नेपाली वा अंग्रेजी भाषामा लेखिएको हुनुपर्नेछ। लेख/रचना नेपालीमा भए नेपाली युनिकोडको कालिमाटी फन्ट ११ र अंग्रेजीमा भए Times New Roman फन्ट १२ साइजमा Microsoft Word मा तयार गर्नुपर्नेछ ।

क. नेपाली भाषामा लेखिने लेख रचनामा समावेश गर्नुपर्ने Key Headings:

- शीर्षक
- लेखसार
- शब्दकुञ्जी विषय सन्दर्भ

- मुख्य खण्ड/विश्लेषण
- सुझाव/निष्कर्ष
- सन्दर्भ सामाग्री(पुष्ट्याइको लागि Inside text citation पनि समावेश गर्ने)

ख. अंग्रेजी भाषामा लेखिने लेख रचनामा समावेश गर्नुपर्ने Key Headings:

- Title
- Abstract
- Key Words
- Context
- Main Body (Analysis/Discussions)
- Findings/Conclusion
- References
- ➢ APA 7th Format मा हुनुपर्ने
- ➢ Inside text citation(for clarification)
- ➢ References

३. खोजमूलक लेख ग्राफ, रेखाचित्र, तालिका आदि सहित कम्तीमा २५०० शब्द र अधिकतम ३५०० शब्दभित्र सीमित रहीँ तयार गरिएको हुनुपर्नेछ ।

४. कुनै पनि व्यक्ति, समुदाय, जाति, सम्प्रदाय वा संस्कृति विशेषको प्रतिष्ठामा आँच पुग्ने, कुनै राजनीतिक विचारप्रति प्रत्यक्ष झुकाव राख्ने, जातीय छुवाछूत र भेदभाव बढाउने र राष्ट्रिय सुरक्षालाई खलल पुऱ्याउने लेख/रचना समावेश गरिने छैन ।

५. लेख/रचना मौलिक हुनुका साथै कुनै पनि जर्नल, पत्रपत्रिका र विद्युतीय माध्यममा पूर्वप्रकाशित नभएको हुनुपर्नेछ ।

६. लेख/रचनामा उल्लिखित सूचना, तथ्याङ्क, विश्लेषण र उल्लेख गरिएका धारणा र सोको स्रोतप्रति लेखक स्वयम् जिम्मेवार र जवाफदेही हुनुपर्नेछ ।

७. लेख प्रकाशित भएपछि लेखकलाई लेख रचना बापतको नियमानुसार पारिश्रमिक र पुस्तक/जर्नल उपलब्ध गराइनेछ ।

८. लेख रचना उपलब्ध गराउने लेखकको संक्षिप्त परिचय सहित पासपोर्ट साइजको आफ्नो फोटो-१ प्रति समेत उपलब्ध गराउनु पर्नेछ ।

९. प्रकाशनका लागि प्राप्त लेख/रचना स्वीकृत वा अस्वीकृत गर्ने र आवश्यकता अनुसार सम्पादन गर्ने अधिकार सम्पादन मण्डलमा रहनेछ। सो सम्बन्धमा आयोगको निर्णय अन्तिम हुनेछ।

१०. थप जानकारीका लागि राष्ट्रिय दलित आयोगको प्रशासन योजना तथा अनुगमन शाखामा सम्पर्क राख्न वा आयोगको वेभसाइट www.ndc.gov.np मा समेत हेर्न सक्नुहुनेछ ।

थप जानकारीका लागि सम्पर्क

समीक्षा शर्मा

शाखा अधिकृत

(९८५१३२८७२१)